मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## १० केजी गाँजासहित दुईजना पक्राउ

हेटौंडा, २० पुस/जिल्ला प्रहरी कार्यालय मकवानपुरले हेटौंडा उपमहानगरपालिका-१५ रातोमाटे चोकपोष्टबाट १० केजी गाँजासहित २ जनालाई पक्राउ गरेको छ । रातोमाटे चोकपोष्टमा सवारीसाधन रोकी जाँच गर्ने क्रममा हेटौंडाबाट पथलैयातर्फ जाँदै गरेको बा. प्र. ०३-००१ ज ३०३ नम्बरको यात्रुवाहक इभी गाडीमा आएका मकवानपुर हेटौंडा-३ का ४६ वर्षीय कुमारसिं थिङ र ३४ वर्षीय धनबहादुर ब्लोनलाई १० केजी ८२० ग्राम गाँजासहित पक्राउ गरिएको हो ।

प्रहरीले उनीहरुले बोकेको झोला खानतलासी गर्दा गाँजा फेला पारेको हो । पक्राउ परेका दुवै जनालाई मकवानपुर जिल्ला अदालतबाट ७ दिनको म्याद थप अनुमति लिई अनुसन्धान कार्य गरिरहेको प्रहरीले जनाएको छ ।

## हेटौंडा सिमेन्ट उद्योग लगातार बन्द

साझाकुरा संवाददाता




हेटौंडा, २० पुस/ हेटौंडा सिमेन्ट उद्योग व्यवस्थापनले करिब तीन महिनादेखि सिमेन्ट उत्पादन बन्द गरेको थियो । सिमेन्ट उत्पादन कहिलेदेखि नियमित गर्ने भन्ने विषयमा अझै अन्योलता रहेको उद्योग व्यवस्थापनले जनाएको छ ।

विभिन्न उपकरणलाई मर्मतसम्भार गर्नुपर्ने र केही नयाँ उपकरण जडान गर्नुपर्ने भएको भन्दै उद्योगले सिमेन्ट उत्पादन बन्द गरेको हो । उद्योगका महाप्रबन्धक वसन्तराज पाण्डेले नेपाल विद्युत् प्राधिकरण केन्द्रीय कार्यालय काठमाडौंबाट हेटौंडा सिमेन्ट उद्योगलाई दैनिक आठ मेगावाट विद्युत् नियमित उपलब्ध गराउने जानकारी नआएसम्म उत्पादनलाई निरन्तरता दिन नसकिने बताए । एकातिर उर्जाको समस्या अर्कोतिर उपकरण पुरानो भएर समस्याका कारण उद्योगले नियमित उत्पादन गर्न नसकेको बताइएको छ ।

उनले विद्युत् प्राधिकरणका पदाधिकारीसँग उद्योगका पदाधिकारीले पटकपटक वार्ता गरी ऊर्जा उपलब्ध गराउन आग्रह गरिरहेकाले यथाशीघ्र समस्या समाधान हुने जानकारी दिए । केही दिनअघि अपरतामाकोशीको मर्मतपछि सुरु गरिएको विद्युत्बाट उद्योगलाई नियमित ऊर्जा उपलब्ध गराउने सहमति भए पनि हालसम्म विद्युत् आपूर्ति नियमित हुन नसकेकाले दैनिक सिमेन्ट उत्पादन चुनौतीपूर्ण बन्दै गएको महाप्रबन्धक पाण्डेले बताए । हाल विद्युत् प्राधिकरण हेटौंडाबाट दैनिक दुई-तीनपटक विद्युत् ऊर्जा कटौती हुँदै आएकाले उपकरण मर्मत र जडान गर्ने काममा जटिलता आएको उनले जानकारी दिए ।

उद्योगमा जीर्ण अवस्थामा रहेका विभिन्न उपकरणको मर्मत सम्भार गर्ने कार्य विद्युत् ऊर्जाका कारणले अझै केही साता लम्बिने भन्दै नियमित विद्युत् आपूर्ति भएपश्चात् उपकरण मर्मत गरी सिमेन्ट उत्पादन सुरु गर्ने सहमति अनुसार प्राविधिक जनशक्ति राखिएको नायवमहाप्रबन्धक नवीन कुमार कर्णले बताए । उद्योगमा सिमेन्ट उत्पादन गर्न प्रयोग भएका उपकरण सबै पुरानो भएका कारण पनि समस्या आएको बताइएको छ । निजी क्षेत्रका उद्योगले अत्याधुनिक उपकरण जडान गरेर उत्पादन गरिरहेका छन् ।

मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णकुमार अग्रवालले पटकपटक विभिन्न उपकरण बिग्रिएर मर्मतसम्भार गर्नुपर्ने अवस्थामा वार्षिकरुपमा तीन-चारपटक मात्र उद्योग सञ्चालन भइरहेको बताउँदै नयाँ प्रविधिबाट उद्योग सञ्चालनमा ल्याउन दीर्घकालीन योजनासहित संघीय सरकारले पहल गर्नुपर्नेमा जोड दिए । उद्योगलाई आवश्यक नयाँ प्रबिधिको उपकरण जडान गरी नियमित रुपमा उत्पादन गर्न उनले सुझाएका छन् ।

वि.सं २०३३ मा हेटौंडाको लामसुरेमा तत्कालीन सरकारद्वारा एक अर्ब ३८ करोड ९० लाख रुपैयाँको लागतमा हेटौंडा सिमेन्ट उद्योगको स्थापना गरिएको थियो । तत्कालीन श्री ५ वीरेन्द्र वीरविक्रम शाहदेवबाट विसं २०४३ मङ्सिर २६ गते हेटौंडा सिमेन्ट उद्योगको उद्घाटन गरेका थिए । उद्योगको साविक सिमेन्ट उत्पादन क्षमता दैनिक १८ हजार बोरा भए पनि हाल उपकरण जीर्ण भएकाले १० हजार बोरामात्र उत्पादन भइरहेको उद्योग व्यवस्थापनले जनाएको छ ।

उद्योगमा आवश्यक पर्ने कच्चापदार्थ कोइला बोलपत्र आह्वान गरी चार हजार मेट्रिकटन ल्याउने प्रक्रिया सुरु भइसकेको बताउँदै अहिले उद्योगमा एक हजार दुईसय मेट्रिकटन कोइला मौज्दात राखिएको उद्योगका अध्यक्ष नरेन्द्र भण्डारीले जानकारी दिए । अध्यक्ष भण्डारीका अनुसार मकवानपुरको भैंसे र ओखरेबाट कच्चापदार्थ चुनढुंगा ढुवानी गरी ल्याउने कामलाई निरन्तरता दिइएको छ ।

हेटौंडामा रहेका तीनवटा सिमेन्ट उद्योगमध्ये दुईवटा निजी क्षेत्रका उद्योग नियमित रुपमा संचालनमा रहेका छन् । रिद्धिशिद्धि सिमेन्ट उद्योगले पूरै रोबोटिक मेशिन जडान गरेर उत्पादन गरि रहेको छ । शिवम् सिमेन्ट उद्योगको प्लान्ट पनि हेटौंडा सिमेन्ट उद्योगको भन्दा आधुनिक छ ।

कुनै समय हेटौंडा सिमेन्ट उद्योगको उत्पादन गैंडा सिमेन्ट खरिद गर्न ६ महिना अघि पैसा जम्मा गरेर पालो पर्खनुपर्दथ्यो । तर, अहिले बजारमा निजी क्षेत्रले उत्पादन गरेको गुणस्तरीय सिमेन्ट सहजै उपलब्ध भएको छ ।

## प्रेस युनियनको साधारणसभा, चारजना पत्रकार पुरस्कृत



साझाकुरा संवाददाता

हेटौंडा, २० पुस/नेपाल प्रेस युनियन मकवानपुरको वार्षिक साधारणसभा भएको छ । साधारण सभाको अबसरमा चारजना प्रेस युनियनकर्मीलाई सम्मानित एवम् पुरस्कृत गरिएको छ ।

प्रेस युनियन मकवानपुरका अध्यक्ष सुवास विडारीको सभाध्यक्षतामा भएको कार्यक्रममा युनियनका केन्द्रीय अध्यक्ष शिव लम्सालको प्रमुख आतिथ्यता, नेपाली कांग्रेस मकवानपुरका सभापति बुद्ध लामा ब्लोनको विशिष्ट आतिथ्यता, नेपाल पत्रकार महासंघका वरिष्ठ उपाध्यक्ष दीपक आचार्य, प्रेस युनियनका उपाध्यक्ष नकुल अर्याल, महासचिव दिलिप पौडेल, केन्द्रीय सदस्यद्वय राजन दाहाल खुसराज, सबिना पौडेलको आतिथ्यतासँगै विभिन्न सञ्चार संस्थाका प्रतिनिधिको उपस्तिथि रहेको थियो ।

हेटौंडामा शनिवार आयोजित युनियनको वार्षिक साधारण सभा तथा वनभोज कार्यक्रममा संस्थापक अध्यक्ष राममणि दाहाललाई नगद १५ हजारसहित स्वर्गीय सीतादेवी स्मृति प्रेस युनियन पत्रकारिता पुरस्कार-२०८१ प्रदान गरिएको छ । त्यसैगरी जनही १० हजारसहित प्रेस युनियन पत्रकारिता पुरस्कार-२०८१ बाट प्रेस युनियनका बागमती प्रदेश सदस्य गंगाप्रसाद पौडेल, गणेश दर्पण अधिकारी र मानवी बानियाँलाई पुरस्कृत गरिएको छ ।

यसैगरी युनियनले नेपाल पत्रकार महासंघ मकवानपुर शाखाको नवनिर्वाचित कार्यसमितिलाई बधाईज्ञापन गर्दै अध्यक्ष बालकृष्ण अधिकारीलाई प्रमाणपत्र प्रदान गरेको छ । पुरस्कार स्थापनाको लागि गैरआवासीय नेपाली संघ (एनआरएन) का अभियन्ता हाल वेलायत निवासी चिरञ्जीवी ढकाल र हाल अमेरिका निवासी मकवानपुरे पत्रकार सुदीप शिवाकोटीले सहयोग गरेको अध्यक्ष विडारीले बताए । साधारणसभामा संगठनका सचिव बलराम पुडासैनी र कोषाध्यक्ष प्रदीप अधिकारीद्वारा प्रस्तुत गरिएको प्रतिवेदन सर्वसम्मत पारित भएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

## हेटौंडा बचतको २५ औं साधारणसभा




साझाकुरा संवाददाता

हेटौंडा, २० पुस/हेटौंडा उपमहानगरपालिका-७ मा मुख्य कार्यालय रहेको हेटौंडा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको २५ औं वार्षिक साधारणसभा भएको छ ।

हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यतामा शनिबार भएको साधारण सभामा संस्थाका अध्यक्ष ईन्द्रबहादुर बस्नेतको सभाध्यक्षता रहेको थियो । अध्यक्ष बस्नेतले वार्षिक प्रतिवेदन, सचिव युवराज गौतमले संस्थागत प्रतिवेदन, कोषाध्यक्ष पार्वती ढकालले वार्षिक योजना तथा बजेट साधारण सभामा पेश गरेका थिए । गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन, लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन, ऋण उपसमिति प्रतिवेदन पेश गरिएको थियो ।

७ हजार १ सय ४५ जना सेयरसदस्य रहेको संस्थाको सेयर पुँजी ४ करोड ७८ लाख ४३ हजार रुपैयाँ रहेको बताइएको छ । यस्तै संस्थाको कुल बचत ५४ करोड ६० लाख २७ हजार रुपैयाँ रहेको छ । लगानीमा रहेको ऋण रकम ५५ करोड २१ लाख, जगेडा कोष ३ करोड ५५ लाख, अन्य कोष १ करोड २६ लाख रहेको अध्यक्ष बस्नेतले जानकारी दिएका छन् ।

साधारणसभाको अवसरमा संस्थाले टिम टेलिभिजनका संवाददाता मनिल महतोलाई सम्मान गरेको छ । कार्यक्रममा उत्कृष्ट कर्मचारी, नियमित बचतकर्ता, असल ऋणी, एसईईमा उत्कृष्ट अंक ल्याउने शेयर सदस्यका छोराछोरीलाई पनि सम्मान गरिएको सचिव गौतमले जानकारी दिए । संस्थाको हेटौंडा-८ कमाने, हेटौंडा-१६ चिसापानी र हेटौंडा-२ मा सेवाकेन्द्र रहेको छ ।

## बागमती प्रदेश लिग फुटबलको उपाधि काठमाडौंले जित्यो

साझाकुरा संवाददाता

हेटौंडा, २० पुस/ बागमती प्रदेश लिग फुटबल प्रतियोगिताको उपाधि काठमाडौंले जितेको छ । शनिवार भएको फाइनल खेलमा दोलखालाई पराजित गर्दै काठमाडौं प्रतियोगिताको च्याम्पियन बनेको हो ।

काठमाडौंको प्रतिनिधित्व गर्ने 'चित्लाङ फुटबल क्लब'ले दोलखाको प्रतिनिधित्व गर्ने 'टाइगर टिम तिखाताल'लाई ३-० गोलले पराजित गरेको हो । हेटौंडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा भएको फाइनल खेलमा काठमाडौंका सुजित बुढाथोकीले २ गोल गरेका थिए । खेलको २५ औं मिनेटमा सुजित बुढाथोकीले गोल गर्दै टिमलाई अग्रता दिलाए । खेलको ७४ औं मिनेटमा बुढाथोकीले थप एक गोल गर्दै अग्रता दोब्बर बनाए ।





अन्तिम समयमा आयुष कुँवरले गोल गर्दै टिमलाई ३-० को स्थितिमा पुऱ्याएका थिए । ३-० गोलले पछि परेको दोलखाले खेल अवधिभर कुनैपनि गोल गर्न सकेन । खेलको म्यान अफ म्याच सुजित बुढाथोकी घोषित भएका छन् । लिग विजेता टिमले २ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ । उपविजेताले १ लाख रुपैयाँ सहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ ।

काठमाडौंका सुजित बुढाथोकी प्रतियोगिताको सर्वोकृष्ट खेलाडी घोषित भए । उनले १५ हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गरे । उत्कृष्ट गोलरक्षक काठमाडौंका चन्द्रशेखर श्रेष्ठ, उत्कृष्ट डिफेन्डर काठमाडौंका जनक कोइराला, उत्कृष्ट मिडफिडर काठमाडौंका विज्ञान खड्का, उत्कृष्ट फरवार्ड दोलखाका सुजन माझी र उत्कृष्ट कोच काठमाडौंका रुपेश क्षेत्रीले प्राप्त गरे । उनीहरुले जनही ५ हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गरे ।

प्रमोद सिंह रानाभाटको अनुभवी, व्यवसायीक साथै समावेशी प्यानललाई तपाईको अमूल्य मत प्रदान गरी अत्याधिक बहुमतले विजयी गराऔं ।
मकवानपुर उद्योग वाणिज्य संघको आशन्न निर्वाचन

"व्यवसायीको संस्था, व्यवसायीकै नीति, यवसायीकै नेतृत्व"



प्रमोद सिंह रानाभाट
अध्यक्ष पदका उम्मेदवार

VOTE



दिपक उप्रेती – उद्योग तर्फको उपाध्यक्ष पदका उम्मेदवार
प्रतिमा श्रेष्ठ – महा-सचिव पदका उम्मेदवार
श्रीकृष्ण कर्माचार्य (भाई) – कोषाध्यक्ष पदका उम्मेदवार
निलम वैद्य – सह-कोषाध्यक्ष पदका उम्मेदवार
रुपकराज दहाल – उद्योग तर्फको सचिव पदका उम्मेदवार
जगदिस दबहाल – उद्योग तर्फको खुल्ला सदस्य पदका उम्मेदवार
कृष्णराज कोइराला – उद्योग तर्फको खुल्ला सदस्य पदका उम्मेदवार
भुपेन्द्र अधिकारी – उद्योग तर्फको खुल्ला सदस्य पदका उम्मेदवार
राम प्रसाद न्यौपाने – वाणिज्य तर्फको उपाध्यक्ष पदका उम्मेदवार
उज्वल चौलागाई – एसोसिएट तर्फको उपाध्यक्ष पदका उम्मेदवार
प्रदिप अर्याल – वस्तुगत तर्फको उपाध्यक्ष पदका उम्मेदवार
कल प्रसाद चौलागाई – वाणिज्य तर्फको सचिव पदका उम्मेदवार
राजेन्द्र लामिछाने (राजेश) – वाणिज्य तर्फको सदस्य पदका उम्मेदवार
सन्तोष घिमिरे – वाणिज्य तर्फको सदस्य पदका उम्मेदवार
राज देव बाँनिया – वाणिज्य तर्फको सदस्य पदका उम्मेदवार
होमनाथ खनाल (रोशन) – वाणिज्य तर्फको सदस्य पदका उम्मेदवार
निलम बजगाई देवकोटा – आरक्षण महिला सदस्य पदका उम्मेदवार
सिता देवी भेटवाल – उद्योग तर्फको सदस्य (महिला आरक्षण) पदका उम्मेदवार

साझाकुरा

## हाम्रो कुरा

# गलैंचा कारखाना र बालश्रमशोषण

बिगतका दिनमा काठमाडौंको गलैचा उद्योगमा मकवानपुरको बिभिन्न ग्रामीण क्षेत्रबाट बालश्रम पुऱ्याइन्थ्यो । गलैचा उद्योगमा मजदुर आपूर्ति गर्ने ठकेदारले बिपन्न परिवारका अभिभावकलाई २/४ हजार रुपैयाँ दिएर बालबालिकालाई जागिर लगाइदिने भन्दै फकाएर बालश्रममा लैजाने गरेका थिए । दसैं तिहार मानेपछि ग्रामीणक्षेत्रबाट बस रिजर्भ गरेर बालबालिका काठमाडौं पुऱ्याइन्थ्यो । हिजोआज पनि यो क्रम रोकिएको छैन । कुनै न कुनै बहानामा बालबालिका बेचबिखनमा परिरहेका छन् । मकवानपुरको राक्सिराङ गाउँपालिकामा बसोबास गर्ने चेपाङ र तामाङ समुदायका बालबालिका बेचिने क्रम अझसम्म पनि रोकिएको छैन । पछिल्लो समयमा राक्सिराङका बालबालिका बाराको गलैंचा कारखानामा जोखिमपूर्ण श्रममा बेचिएको घटना सार्वजनिक भएको छ । जीतपुरसिमरा उपमहानगरापालिका-१५ डुमरवानास्थित सुष्मा गलैंचा उद्योगमा १४ वर्षदेखि १७ वर्षसम्मका ३ बालिका र ५ बालक गरी ८ बालबालिकालाई उद्दार गरिएको छ । श्रम तथा रोजगार कार्यालय वीरगंज, जीतपुरसिमरा उपमहानगरापालिका, सिविन नेपाल, बालहेल्पलाइन १०९८ मकवानपुर सहितको टोलीले बालश्रमिकमको उद्दार गरी बालहेल्पलाइन हेटौंडामा ल्याएको हो ।

राक्सिराङ गाउँपालिका-१ को १४ वर्षको १ जना, राक्सिराङकै १६ र १७ वर्षका २ बालक, बारा जिल्ला निजगढ नगरपालिकाको १३, १५ र १७ वर्षका ३ जना बालिका र निजगढकै १५ र १७ वर्षका २ जना बालक उद्दार गरिएका हुन् । मकवानपुरको राक्सिराङ गाउँपालिका-१ का सोमबहादुर बुलनले आफ्नो १४ वर्षीया छोरालाइ गलैंचा कारखानाबाट उद्दार गरिदिन बालहेल्पलाइन १०९८ मा निवेदन दिएपश्चात बालकलाइ उद्दार गर्न जाँदा थप बालबालिका पनि उद्दार गरिएको हो । अनुगमन टोलीमा श्रम तथा रोजगार कार्यालय वीरगंजका कार्यालय प्रमुख बलराम कुशवाह, जीतपुर सिमरा उपमहानगरपालिका महिला तथा बालबालिका शाखाप्रमुख रमेश सुवेदी, रोजगार संयोजक मो.नसिमुल गनी र नगरप्रहरी सहायक निरीक्षक रविनकुमार खड्का सहितको टोली उद्दारको लागि गएको हो । अनुगमनका क्रममा बालबालिकालाई ठेक्केदारमार्फत् काममा लगाइएको, नेपाल सरकारले तोकेबमोजिमको तलव नदिइएको, दिनमा १६ घण्टासम्म काम लगाइएको, कार्यस्थलबाट बाहिर आवतजावत गर्न प्रतिवन्ध लगाइएको, बालबालिकाको खानपान, बसाइ अतिनिकृष्ट प्रकारको रहेको, चरम श्रमशोषण भएको, भने अनुसार काम नगर्ने बालबालिकालाइ यातना समेत दिन गरेको, जाडोको समयमा पनि न्यायो कपडाको ब्यवस्था नभएको अनुगमनका क्रममा पाइएको बालहेल्पलाइनले जनाएको छ । गलैंचा कारखानामा अबैधरुपमा बालश्रममा बालबालिकालाई राखिएको उजुरीपछि सिविन नेपाल, बालहेल्पलाइन १०९८ मकवानपुरका प्रवन्धकसहितको टोलीले उद्दार गरेको हो ।

अनुगमनपश्चात ८ जना बालबालिकालाइ उद्दार गरी जीतपुरसिमरा उपमहानगरपालिकामा ल्याइएको र प्रमुख प्रशासकीय अधिकृत उर्मिला काफ्ले, विभिन्न शाखा प्रमूखहरु, नगरप्रमुख सचिवालय, श्रम कार्यालयका प्रमुख, बालहेल्पलाइनका प्रतिनिधि सहित बैठक गरिएको थियो । बालबालिकासँग प्रारम्भिक चरणको कुराकानी गरिएपश्चात यो घटनाको कानुनी प्रक्रियाको लागि श्रम तथा रोजगार कार्यालय वीरगंजसँग समन्वय गर्ने र परामर्श तथा संरक्षणको लागि बालहेल्पलाइन मकवानपुरमा पठाइएको जीतपुर सिमरा उपमहानगरपालिका महिला तथा बालबालिका शाखा प्रमुख सुवेदीले बताए । बालबालिकालाई बालहेल्पलाइन १०९८ हेटौंडाको संरक्षणमा ल्याइएपश्चात परामर्शको काम भइरहेको, अभिभाकलाइ सम्पर्कमा ल्याउन प्रयत्न भइरहेको बालहेल्पलाईन प्रबन्धक ज्ञवालीले जानकारी दिएका छन् । छिटो भन्दा छिटो यो घटनालाइ कानुनी प्रक्रियामा लैजान श्रम तथा रोजगार कार्यालयमा बालबालिका सहित अभिभावकलाइ उपस्थितिको लागि पहल गरिने बालहेल्पलाइनले जनाएको छ । निकृष्ट बालश्रमका घट्ना अझैसम्म कायमै रहेको भन्दै सिबिनले यस विषयमा स्थानीय सरकारका जनप्रतिनिधि सम्बेदनशील बन्नुपर्ने बताएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ पुस २२ गते सोमबार ६ जनवरी २०२५ । सप्तमी, पौष शुक्लपक्ष । पोहेलाथ्व ११४५ ने.सं. । सूर्योदय ६:५७, सूर्यास्त ५:२२ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : प्रयत्न निरर्थक हुनेछ | तुला | : भूमिबाट लाभ लिने समय छ |
| वृष | : व्यावसायिक काम बन्नेछ | वृश्चिक | : बिग्रिएको सम्बन्ध सुधार्ने मौका छ |
| मिथुन | : सहयोगीले असहयोग गर्नेछन् | धनु | : महत्वाकांक्षी योजना फलीभूत हुनेछ |
| कर्कट | : पढाइमा प्रगति हुनेछ | मकर | : काममा परिवारको सहयोग मिल्नेछ |
| सिंह | : समस्या दोहोरिन सक्नेछ | कुम्भ | : स्वास्थ्यमा कमजोरी हुनेछ |
| कन्या | : घरेलु काममै अलमल हुनेछ | मीन | : उपचारमा खर्च हुनेछ |

# ट्रेड युनियनमा प्रतिबन्ध लगाउने प्रपञ्च



देवीलाल चौलागाई

संसद्को राज्य व्यवस्था तथा सुशासन समितिमा संघीय निजामती सेवा विधेयकमाथि अहिले व्यापक छलफल र बहस भैरहेको छ । छलफलमा निजामती कर्मचारीहरुको ट्रेड युनियनको विषय मुख्य विवादित र पेचिलो विषय बनेको छ । निजामती कर्मचारीहरुलाई ट्रेड युनियन अधिकार दिने वा नदिने, कुन तहसम्मको कर्मचारीलाई ट्रेड युनियन अधिकार दिने र राष्ट्रिय स्तरको ट्रेड युनियन बनाउन पाइने वा नपाइनेजस्ता विषयहरुमा सांसदहरुका फरक-फरक धारणा आइरहेका छन् ।

खासगरी संसद्का दुई ठूला दल नेपाली कांग्रेस र नेकपा एमालेका प्रमुख सचेतकहरुले निजामती सेवामा राष्ट्रिय स्तरका ट्रेड युनियन राख्न नहुने धारणा राखेपछि यसले निजामती क्षेत्रमा नयाँ तरंग पैदा गरेको छ । प्रमुख दलका प्रमुख सचेतकरुको यो अभिव्यक्तिले पहिलेदेखि उपभोग गर्दै आइरहेको ट्रेड युनियन अधिकार कटौतीमा पर्ने सम्भावना बढेपछि निजामती क्षेत्रमा क्रियाशील राष्ट्रिय स्तरका ट्रेड युनियनहरु आक्रोशित बनेका छन् । र, ट्रेड युनियन अधिकार कटौती गरेर देखाउन चुनौतीसमेत दिएका छन् ।

नेपालमा बहुदलीय प्रजातन्त्रको स्थापनादेखि संघीय लोकतान्त्रिक गणतन्त्रसम्मको यात्रामा राजनीतिक दल र नागरिक समाजको साथमा अग्रपंक्तिमा रहेर आन्दोलनमा होमिएका नेपालका ट्रेड युनियनहरूको भूमिका र योगदानको अवमूल्यन हुने गरी आएको यो अभिव्यक्तिप्रति सबै राष्ट्रिय स्तरका ट्रेड युनियनहरुले एकै स्वरमा निन्दा र भर्त्सना गरेका छन् । यदि यसै गरी अघि बढे आन्दोलनमा उत्रिने र मुलुक ठप्प पार्ने चेतावनीसमेत उनीहरुले दिएका छन् । ट्रेड युनियनमा प्रतिबन्ध लगाउने प्रपञ्चले पञ्चायतको गन्ध दिएको उनीहरुले टिप्पणी गरेका छन् ।

संघीयतासहितको संविधान जारी भएको नौ वर्ष व्यतीत हुँदासम्म पनि मुलुकको प्रशासनिक संयन्त्रलाई परिचालन गर्ने, व्यवस्थापन गर्ने र नियमन गर्ने संघीय निजामती सेवा ऐन हालसम्म पनि जारी हुन नसकिरहेको अवस्थामा यो विधेयकमाथि संसद्को राज्य व्यवस्था तथा सुशासन समितिमा दफावार छलफल भैरहेको छ । विधेयकमाथि निजामती कर्मचारीहरुको ट्रेड युनियन अधिकारलगायत अन्य सेवा, सुविधा र अवसरका विषयमा विभिन्न खालका विचार, धारणाहरु प्रकट भैरहेका छन् । जसका कारण नेपालको प्रशासन क्षेत्र अहिले तरंगितसमेत बनेको छ ।

प्रशासनिक संघीयतालाई कार्यान्वयन गर्ने यो विधेयकले संविधान जारी भएको तीन वर्षपछि मात्र २०७५ सालमा पहिलोपटक संसद्मा प्रवेश पाएको थियो । कर्मचारी समायोजनअघि नै जारी गर्नुपर्ने संघीय निजामती सेवा ऐनको विधेयक तयार गर्न पनि सरकारलाई करिब तीन वर्ष लाग्यो । संघीय निजामती सेवा ऐनबिनै कर्मचारीलाई संघ, प्रदेश र स्थानीय तहमा जबर्जस्त समायोजन गर्ने काम सरकारले गऱ्यो । उनीहरुको सेवा, सुविधा, सर्त र वृत्तिविकास लगभग निलम्बनको जस्तो स्थितिमा छ । कानुन विहीनताको अवस्थामा निजामती प्रशासन अत्यन्तै अस्थिर र कमजोर बनेको छ । यस्तो अवस्थामा पनि राजनीतिक दलहरु संघीय निजामती सेवा ऐन जारी गर्ने विषयमा गम्भीर नभएका कारण करिब एक दशक लामो अवधि नेपालको निजामती क्षेत्र कानुन विहीनताको स्थितिबाट गुज्रिन पुग्यो ।

पहिलोपटक २०७५ सालमा प्रतिनिधिसभामा प्रस्तुत भएको संघीय निजामती सेवा विधेयकमाथिको छलफलमा पनि सांसदहरुका अनेक थरी धारणा रहेका कारण सहमति नजुटेपछि त्यसको तीन वर्षपछि यो विधेयक २०७८ सालको फागुन महिनामा फिर्ता हुन पुग्यो । पछिल्लोपटक २०८० फागुन २१ गते संसद्मा दर्ता भएको यो विधेयकमाथिको छलफल पनि निकै ढिलो गरी अर्थात् संसद्मा दर्ता भएको करिब नौ महिनापछि मात्र अहिले राज्य व्यवस्था तथा सुशासन समितिमा छलफलका क्रममा रहेको छ । समितिमा भैरहेको छलफल र बहस हेर्दा त्यही विषय नै बल्झिरहेको देखिन्छ, जुन विषय हिजो पनि पेचिलो बनेको थियो । अहिले पनि तिनै विषयहरुमा विभिन्न थरी धारणाहरु सार्वजनिक भैरहेका छन् ।

खासगरी प्रदेश र स्थानीय तहको प्रशानिक नेतृत्वको विषय, सरुवा, बढुवालगायत वृत्तिविकासको विषय र ट्रेड युनियनको विषय मुख्य विवादित विषय बन्दै आइरहेको देखिन्छ । हिजोसम्म ट्रेड युनियनको विषयमा उदार र नरम देखिँदै आएका दुई ठूला दलहरु नेपाली कांग्रेस र नेकपा एमाले अहिले आएर ट्रेड युनियनप्रति कठोर र अनुदार देखिएका छन् । राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा आफ्नो धारणा राख्ने क्रममा नेपाली कांग्रेसका प्रमुख सचेतक श्यामकुमार घिमिरे र नेकपा एमालेका प्रमुख सचेतक महेश बर्तौला दुवैले संघीय निजामती सेवा विधेयकमा राष्ट्रिय स्तरका ट्रेड युनियनहरुको आवश्यकता नरहेको बताएपछि यसले निजामती सेवाको क्षेत्रमा नयाँ खालको बहस-तरंग सृजना गरेको छ ।

नेपालको लोकतान्त्रिक आन्दोलनमा अहम् भूमिका खेलेका ट्रेड युनियनरुलाई निषेध गर्ने गरी दुई ठूला लोकतान्त्रिक भनिएका दलका प्रमुख सचेतकहरुले नै एकै स्वरमा बोलेको देख्दा अचम्म लाग्नु स्वाभाविकै हो । यो भनाइबाट ट्रेड युनियन अधिकारकर्मीहरु नराम्ररी झस्किएका छन् । राष्ट्रिय स्तरका ट्रेड युनियनहरु कायम राख्ने गरी प्रस्तुत भएको विधेयकमा सत्तासीन दलहरुबाटै त्यसको विपक्षमा धारणा आएपछि समितिका सभापतिले 'यो तपाईंहरुको व्यक्तिगत धारणा हो कि पार्टीगत धारणा' भनेर सोधेको प्रश्नको जवाफमा समेत दुवै प्रमुख सचेतकले 'यो पार्टीकै धारणा हो' भनेपछि निजामती क्षेत्र अहिले तरंगित बनेको छ । कर्मचारीका ट्रेड युनियनहरु आक्रोशित बनेका छन् । उनीहरुले संयुक्तरुपमा त्यसको प्रतिवाद गर्ने चेतावनीसमेत दिइसकेका छन् ।

ट्रेड युनियन आन्दोलनबाटै हुर्केका दुई ठूला दलहरु किन फेरि ट्रेड युनियनप्रति नै खरो देखिए ? त्यो बुझ्न सकिएको छैन । वास्तवमा नेपालमा राजनीतिको जग बसाउने र परिवर्तनको बीजारोपण गर्ने काम नेपालका ट्रेड युनियनहरुमार्फत नै भएको हो भन्ने कुराको हेक्का शायद यी दलहरुलाई हुनुपर्ने हो । सुब्बा कृष्णलालको मकैको खेती होस् (जुन नेपालको इतिहासमा मकै पर्वका रुपमा चिनिन्छ) या मनमोहन अधिकारी र गिरिजाप्रसाद कोइरालाले सञ्चालन गरेको जुटमिल आन्दोलन होस् । त्यसैको जगमा नेपाली कांग्रेस र नेकपा एमालेजस्ता राजनीतिक पार्टीहरु बने । विचारहरु निर्माण भए । परिवर्तनहरु भए । जनमत प्राप्त भयो । कर्मचारीका ट्रेड युनियनहरुले पनि जागिरको परबाह नगरी आन्दोलनमा सहभागी भए । जनताको परिवर्तनको आकांक्षाअनुसार नै ट्रेड युनियनहरु परिचालित भए । आखिर ट्रेड युनियनहरुले बिगारेको के हो त ? हो, व्यवस्थापनमा कमजोरी होलान् । त्यसलाई व्यवस्थित गर्दै जाऔं । व्यवस्थित गर्ने नाममा निषेधको अलोकतान्त्रिक अभ्यासचाहिँ नगरौं ।

यदि खराब र बिग्रेकै कुरा गर्ने हो भने पनि नेपालमा नबिग्रेको र असलचाहिँ कुन क्षेत्र हो त ? यो भनेर फेरि बिग्रिने छुट भने कसैलाई पनि छैन । सबै क्षेत्र सुनि, सच्चिन र जिम्मेवार बन्न जरुरी छ । अहिले त जबर्जस्त एउटा भाष्य नै स्थापित भएको छ । नेपालका राजनीतिक दलहरु खत्तम, व्यवस्था खत्तम, संघ संगठन र नागरिक समाज खत्तम, पत्रकार, वकिल, शिक्षक, कर्मचारी, व्यवसायी सबै खत्तम भन्ने भाष्य जबर्जस्त स्थापित गरिँदै छ । अनि असलचाहिँ को त ? त्यसैले नेपाली समाजमा यसरी भुसको आगोझैं फैलिरहेको नकारात्मकताको अन्त्य गर्न पनि जरुरी छ । हो, सच्चिने र सुध्रिने कुरामा भने कसैले पनि नाक खुम्च्याउनु जरुरी छैन । सबै क्षेत्र सुनि, सच्चिन र पाठ सिक्न भने जरुरी छ । यसमा ढिलाइ गरिनु पनि हुँदैन ।

संविधानमा बहुलवाद स्वीकारेका दलहरु ट्रेड युनियनमा किन एकलवाद खोजिरहेका छन् ? त्यो भने बुझ्न सकिएको छैन । संगठित हुन पाउने संवैधानिक अधिकारलाई किन कुल्चिन खोजिरहेका छन् ? त्यो पनि बुझ्न सकिएको छैन । ढोका थुनेर बिरालो कुट्ने काम सांसद र दलहरुले गर्नुहुँदैन । लामो संघर्ष र बलिदानीबाट प्राप्त ट्रेड युनियन अधिकार खोस्ने काम हुँदा ट्रेड युनियनहरु निश्चय पनि हात बाँधेर बस्ने छैनन् । अनावश्यक मुलुकलाई मुठभेडतर्फ लैजाने कार्यले कसैलाई पनि फाइदा पुग्दैन । समयक्रमसँगै सेवा-सुविधा र अवसरमा बढोत्तरी गर्दै जानुपर्नेमा झन्-झन् घटुवा गर्ने, वञ्चित गर्ने र निषेध गर्नेजस्ता पश्चगामी कदमलाई सही भन्न सकिँदैन । त्यसले स्वाभाविक रुपमा द्वन्द्व निम्त्याउँछ नै ।

बहुलवादलाई अस्वीकार गर्नु भनेको लोकतन्त्र र संविधानलाई अस्वीकार गर्नु हो । मुलुकमा फरक-फरक विचार, संस्कृति, मान्यता र सिद्धान्तलाई स्वीकार गर्नु नै बहुलवाद हो । सबैका आ-आफ्नै विचार छन् र यी विचारको सम्मान र स्वीकार गर्नु बहुलवादी मान्यता हो । अहिलेको विश्वमा राजनीतिक निकायमा मात्रै राज्यको शक्ति केन्द्रीकृत हुँदैन । समाजमा रहेका हरेक तत्वहरुसँग राज्यको शक्ति अन्तर्निहित रहेको हुन्छ । निजी क्षेत्र, सामाजिक क्षेत्र, पेसागत क्षेत्र यिनीहरुले पनि राजनीति र राज्यको शक्तिमा समेत भूमिका निर्वाह गरिरहेका हुन्छन् । विभिन्न ट्रेड युनियनहरु, पेसागत संघ-संगठनहरु, नागरिक संगठनहरु, व्यावसायिक संघ-संगठनहरु जसले विविध विचार र दर्शन अँगालेका हुन्छन्, यो विविधतालाई स्वीकार गर्ने मान्यता नै बहुलवादी मान्यता हो । र, यो लोकतन्त्रको आधारभूत तत्व पनि हो ।

बहुदलीय प्रतिस्पर्धात्मक राजनीति मान्छौं तर बहुलवाद मान्दैनौं भन्नु एक-आपसमा विरोधाभासपूर्ण तर्क मात्र नभई यसले राजनीतिक दलहरुको लोकतन्त्रप्रतिको आस्था र विश्वास नै निम्छरो रहेको देखाउँछ । लोकतन्त्र भजन गाउने मन्त्र मात्र होइन, यो जीवन पद्धति पनि हो । 'सानो चित्तले बोसो पाक्दैन' भनेझैं लोकतन्त्र र बहुलवादमा समाजमा रहेका विविध पक्षको आवाजलाई मुखरित हुनबाट रोक्ने र निषेध गर्ने लोकतन्त्र र बहुलवाद विरोधी कार्य राजनीतिक दलहरुले कदापि गर्नुहुँदैन । शासन सत्तामा रहेका दलहरुले चित्त अलि ठूलो गर्न सक्नुपर्दछ । वास्तवमा सानो चित्तले न शासन चल्छ, न लोकतन्त्र, न त बहुलवाद नै । यी सबै व्यावहारिक प्रयोगमा देखिने कुराहरु हुन् । यसको व्यावहारिक प्रयोग र उपयोग गर्न दिने कुरामा राजनीतिक दलहरुले सानो चित्त गर्नुहुँदैन ।

*(साभार: न्यूज अफ नेपाल)*

# संविधान अनुसार प्रदेशलाई अधिकार नदिएर बुख्याचा बनाइयो

गंगानारायण श्रेष्ठ

हाम्रो संविधान संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान हो । संविधानको प्रस्तावनामा स्पष्ट लेखिएको छ- 'सामन्ती, निरंकुश, केन्द्रीकृत र एकात्मक राज्य व्यवस्थाले सिर्जना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दैह संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने ।' सोही अनुरूप २०७२ मा नयाँ संविधान जारी गरिएको हो । व्यक्तिगत रूपमा भन्नुपर्दा म यस संघीयताबारे सहमत छैन । संघवादमा आधारित संघीयता नै होइन । संघवादको आफ्नै सिद्धान्त हुन्छ । हाम्रो देशको सन्दर्भमा पहिचान र सामर्थ्यमा आधारित संघीयता हुनुपर्छ । पहिलो संविधान सभाबाट गठित समितिको प्रतिवेदन अनुसार पहिचानका ५ र सामर्थ्यका ४ आधारमा आधारित संघीयता नै नेपालका लागि उपयुक्त संघीयता हो ।

संविधानको भाग ५ मा राज्यको संरचना र राज्यशक्तिको बाँडफाँटबारे लेखिएको छ । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुनेछ । नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान तथा कानुन बमोजिम गर्नेछन् । संविधानको अनुसूची ५ देखि ९ सम्म संघ, प्रदेश र स्थानीय तहको एकल र साझा अधिकारको सूची छ । त्यसलाई अझ स्पष्ट गर्नका लागि कार्य विस्तृतीकरण प्रतिवेदन पनि हामीसँग छ । संघ, प्रदेश र स्थानीय तहबिचको अन्तरसम्बन्धको बारेमा संविधानको भाग २० मा व्यवस्था गरिएको छ । संघ, प्रदेश र स्थानीय तहबिचको अन्तरसम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने कुरा उल्लेख छ । संघ र प्रदेशबिच तथा प्रदेश प्रदेशबिच उत्पन्न राजनीतिक विवाद समाधान गर्न प्रधानमन्त्रीको अध्यक्षतामा मुख्यमन्त्रीहरू सहित रहेको अन्तर प्रदेश परिषद् पनि छ ।

यसरी हाम्रो संविधानले संघीयताको सिद्धान्त, संरचना र अधिकार बाँडफाँट गरेको छ । तर संघीय सरकारले आजसम्म प्रदेशलाई संविधानमा व्यवस्था भएको अधिकार प्रयोग गर्न नदिएर बुख्याचा बनाइरहेको छ । सत्य कुरा भन्नुपर्दा प्रहरी समायोजन संघीय सरकारको कारणले हुन सकेको छैन । २०७६ साल माघ २८ गते प्रहरी कर्मचारी समायोजन ऐन र नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन संघीय संसद्बाट पारित भई प्रमाणीकरण भएको थियो । संविधानको अनुसूची ६ बमोजिम नेपाल सरकारले प्रहरी समायोजन गरी प्रदेश सरकारलाई हस्तान्तरण गर्न म आन्तरिक मामिला तथा कानुनमन्त्री भएको बेला तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई मेरै अगुवाइमा सातै प्रदेशका आन्तरिक मामिला मन्त्रीहरूले संयुक्त रूपमा ध्यानाकर्षण पत्र बुझाएका थियौं ।

प्रदेशका आन्तरिक मामिला मन्त्रीहरूले पटकपटक संघीय सरकारको ध्यानाकर्षण गराउने काम भइरहेकै छ । तर आजसम्म प्रहरी समायोजन गर्न संघीय सरकार तयार भएको छैन । यसको मुख्य कारण संघीय सरकारमा रहेको एकात्मक र केन्द्रीकृत मानसिकता हो । संविधानमा 'सामन्ती, निरंकुश, केन्द्रीकृत र एकात्मक राज्य व्यवस्थाले सिर्जना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दैह संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दीगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने' कुरा लेख्ने अनि व्यवहार त्यसको ठिक उल्टो गर्ने नेताहरू भएसम्म प्रहरी समायोजन पनि हुँदैन, संघीय निजामती ऐन पनि बन्दैन । सारमा भन्नुपर्दा संघीयताको सही ढंगले कार्यान्वयन हुँदैन । नेताहरू प्रदेशलाई कमजोर बनाएर संघीयता असफल बनाउन चाहन्छन् । लेखिराख्नोस्, संघीयता सही रूपमा कार्यान्वयन नभएसम्म देशमा दीगो शान्ति, सुशासन, विकास र समृद्धि सम्भव छैन ।

यो देशमा संघीयता नचाहनेहरूले सचेत रूपमा एउटा भाष्य निर्माण गरेका छन् । नेपालजस्तो भौगोलिक हिसाबले सानो र आर्थिक हिसाबले कमजोर मुलुकले संघीयता थेग्न सक्दैन भनिँदैछ । संघीय व्यवस्था भूगोल, जनसंख्या र आर्थिक अवस्था हेरेर लागु गर्ने होइन । भूगोल र जनसंख्याको हिसाबले नेपालभन्दा धेरै साना र धेरै ठुला देशहरूमा संघीय शासन व्यवस्था शानदार रूपमा चलिरहेका छन् । कुरा भूगोल, जनसंख्या र आर्थिक अवस्थाको होइन, आवश्यकताको हो । यसको जवाफ हाम्रो संविधानको प्रस्तावनामै दिइएको छ । बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबिचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्द्धन गर्दै, वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछुत अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्नका लागि देशमा संघीयता आवश्यक परेको हो ।

जहाँसम्म आर्थिक भारको कुरा छ, अहिलेको नेपाल प्रहरीलाई समायोजन गरी प्रदेश प्रहरी बनाउने हो । झन्डै १ लाखको संख्यामा रहेको नेपाल प्रहरीलाई निश्चित मापदण्ड अनुसार सातै प्रदेशमा समायोजन गरेर पठाइन्छ । त्यसपछि अहिले संघीय सरकारको मातहतमा रहेका नेपाल प्रहरीको संख्या ह्वात्तै घट्छ । त्यो संख्या प्रदेश प्रदेशमा सेटल हुन्छ । अहिले संघीय सरकारले नेपाल प्रहरीलाई गरिरहेको खर्च नै भोलि प्रहरी समायोजन भएपछि प्रदेश सरकारले गर्छ । अनि कसरी आर्थिक भारको कुरा आउँछ ? कुरा आर्थिक भारको होइन, नियतको हो । प्रहरी समायोजन गरेपछि सिंहदरबारका शासकहरूलाई कमजोर हुन्छु भन्ने लागेको छ । खासमा भन्ने हो भने सिंहदरबारका शासकलाई शक्ति गुम्ला कि भन्ने डरले गर्दा प्रहरी समायोजन हुन नसकेको हो ।

संघीयता सेतो हात्ती बन्यो, संघीयताले गाउँगाउँमा छोटे राजाहरू जन्माए भन्ने कुरा सत्य होइन । म यसलाई स्वीकार गर्दिनँ । बहुजाति, बहुभाषा, बहुधर्म, बहुसंस्कृति भएको देशमा संघीयता अनिवार्य छ । किनकि, राष्ट्रियता भनेको बाह्यमात्रै हुँदैन, आन्तरिक पनि हुन्छ । आन्तरिक राष्ट्रियता मजबुत नबनाइ विकास र समृद्धि सम्भव छैन । समान अधिकार, समान पहुँच, समान अवसर र समावेशी समानुपातिक प्रतिनिधित्वविना स्थायी शान्ति सम्भव छैन । स्थायी शान्तिविना विकास र समृद्धि सम्भव छैन । त्यसैले देशमा संघीयता चाहिएको हो । संघीयताले हिजो एकात्मक र केन्द्रीकृत राज्य व्यवस्थामा भएको आर्थिक लगायत तमाम खाले विकृति, विसंगति अन्त्य गर्दै शान्त, सुन्दर र समृद्ध नेपाल निर्माण गर्छ ।

आर्थिक रूपमा संघीयता सेतो हात्ती र राजनीतिक रूपमा गाउँगाउँमा राजा जन्माए भन्नेहरूले संघीयताअघिको र संघीयतापछिको राज्यको संरचनामा रहेको यति भिन्नतालाई बुझिदिनुपर्छ । हिजो राज्यको केन्द्र, विकास क्षेत्र, अञ्चल, जिल्ला, इलाका र गाविस/पालिका गरी ६ वटा निकाय थियो । आज संघ, प्रदेश र स्थानीय गरी जम्मा ३ तह छ । हिजो झन्डै ४ हजार गाविस र ३६ हजार वडा थियो । आज त्यसलाई घटाएर ७५३ पालिका र ६,७४३ वडा बनाइएको छ । हिजो राजादेखि जनप्रतिनिधि सबैको संख्या झन्डै २ लाख थियो । आज राष्ट्रपतिदेखि सबै जनप्रतिनिधिको संख्या झन्डै ३८ हजार छ । हिजो राजा संविधानमाथि थियो । आज संविधानमाथि कोही छैन ।

राज्यको तहगत संरचना र त्यसका प्रतिनिधिको संख्या मात्रै हेर्दा पुष्टि हुन्छ । हिजोको एकात्मक, केन्द्रीकृत व्यवस्था सेतो हात्ती थियो कि आजको संघीय राज्यव्यवस्था सेतो हात्ती छ ? हिजोको गाविसलाई आज एउटा वडा बनाइएको छ । हिजो एउटा गाविसमा ४७ जना जनप्रतिनिधि हुन्थे, आज त्यो घटेर ५ जना छ । त्यसैले कागले कान लग्यो भन्दैमा कागको पछि नकुदौं, पहिला आफ्नो कान छामौं । आजकल मलाई यस्तो लाग्न थालेको छ कि, योजनावद्ध रूपमा संघीयताप्रति वितृष्णा फैलाउने काममा संघीयता विरोधी र संघीयताको पक्षधर भन्नेहरू पनि जान-अन्जानमा लागिरहेका छन् । संघीय सरकारको कुरा गर्ने हो भने संविधान प्रदत्त अधिकार समेत प्रदेशलाई दिन चाहँदैन । जस्तै: पहिलो कुरो, संविधान कार्यान्वयन गर्न चाहिने आवश्यक ऐन-कानुन बनाउन विलम्ब गरिरहेको छ । दोस्रो कुरो, बनेको ऐन-कानुन पनि कार्यान्वयन गर्न गरिरहेको छैन । तेस्रो कुरो, संविधानको मूल मर्म अनुसार ऐन-कानुन बनाइरहेको छैन ।

बजेटको अवस्था हेर्न हो भने वडाले कार्यान्वयन गर्ने १-२ लाखका टुक्रे योजना संघले आफ्नो बजेटमा राखेर प्रदेश र पालिका सरकारहरूलाई पंगु बनाइरहेको छ । सरकार मात्रै होइन, कतिपय संघीय सांसद आफ्नो क्षेत्राधिकार बिर्सेर वडासम्म सिधै हस्तक्षेप गर्छन् । उनीहरूलाई प्रदेशले केही जानेका छैनन्, संसार आफूले मात्रै बुझेको छु भन्ने भ्रम छ । कर्मचारी र प्रहरी प्रशासन पनि संघका बाहेक प्रदेश र स्थानीय तहका जनप्रतिनिधिलाई सकेसम्म मानमर्दन गर्नमै आनन्द मान्छन् । सबैतिर संघको हस्तक्षेप देखेपछि प्रदेशको काम रहेनछ भन्ने जनतामा पर्न गएको छ । प्रदेश सरकारले पनि संविधान प्रदत्त आफ्नो अधिकार लिने कुरामा जति पहल गर्नुपर्ने हो, त्यति गर्न सकेको छैन ।


*(साभार: रातोपाटी)*

# बराह ग्रुपले डुबायो सर्वसाधारणको १४ अर्ब, बराह सहकारीमै ६८ करोड

विराटनगर/धरानबाट उदाएको बराह ग्रुप अफ कम्पनी मार्फत खुलेका सहकारी र कम्पनीमा सर्वसाधारणको १४ अर्ब हाराहारी रकम डुबेको छ । शिव लामिछाने सहित उनको परिवारले सञ्चालन गरेको दुइटा सहकारी र अन्य कम्पनीमा सर्वसाधारणको १४ अर्ब हाराहारी रकम डुबेको हो ।

लामिछाने परिवारका सदस्यले धरानमा सञ्चालन गरेको बराह बचत तथा ऋण सहकारी संस्थामा मात्रै सर्वसाधारणको ६८ करोडभन्दा बढी रकम दुरुपयोग भएको छ । लामिछाने अध्यक्ष रहेको काठमाडौंको अभिमत बचत तथा ऋण सहकारी संस्था पनि संकटमा छ । बराह बचत तथा ऋण सहकारी संस्थाका पीडित प्रदीप बास्तोलाका अनुसार बराह ग्रुप अफ कम्पनीमा देशभरि सर्वसाधारणको १४ अर्ब हाराहारी रकम डुबेको छ । धरानका सर्वसाधारणको मात्रै ९ अर्ब हाराहारी डुबेको उनको दाबी छ ।

बराह ग्रुपमार्फत लामिछाने परिवारले देशभरि २८ कम्पनी सञ्चालन गरेको उनको दाबी छ । सर्वसाधारणबाट संकलन भएको बचत पनि सोही कम्पनी मार्फत लगानी गरेको थियो । प्रदेश सहकारी रजिस्ट्रार तथा तथा प्रशिक्षण कार्यालय प्रमुख हरि खत्रीका अनुसार बराह बचत तथा ऋण सहकारीमा जम्मा भएको ६८ करोड अपचलन भएको छ । तर, ज्वेलरी र बराह ग्रुपमार्फत १४ अर्ब रकम अपचलन भएको उनको भनाइ छ । यो रकमको एकमुष्ट विवरण भने सार्वजनिक भएको छैन ।



### सर्वसाधारणबाट संकलन, आफ्नैमा लगानी

भोजपुरबाट धरान झरेका इन्द्र लामिछाने (विश्वकर्मा) ले २०५२ सालमा धरानका लाहुरे परिवार लक्षित गरी बराह ज्वेलरी इन्टरप्राइजेज स्थापना गरेका थिए । ज्वेलरी मार्फत आकर्षक ब्याजको लोभ देखाएर बचत संकलन गर्थे । छोटो समयमा लाहुरेको सहर धरानमा मात्र होइन बराह ज्वेलरीले देशभरि चर्चा कमायो । हङकङ र दुबईमा पनि यसको शाखा खोलिएका थिए । ब्रान्डका रूपमा स्थापित भएपछि बराहले आफ्नो नामको पछाडि 'विश्वासको प्रतीक' उपनाम थपेको थियो ।

सुन पसलमा बचत तथा ऋण कारोबारमा रोक लागेपछि २०६६ सालमा बराह बचत तथा ऋण सहकारी संस्था स्थापना भएको थियो । यो सहकारीमा गत जेठसम्म सर्वसाधारणको ६८ करोड ८३ लाख १० हजार ८ सय १६ रुपैयाँ बचत छ । धरानका १३ हजार ५ सय ७८ साधारण बचतकर्ताले ५ हजार देखि १ करोडसम्म बचत गरेका छन् । गत जेठसम्म सेयर सदस्य संख्या ५ हजार २ सय १३ र १० करोड १८ लाख ६४ हजार सेयर पूँजी थियो ।

सहकारीले ६८ करोड ८३ लाख बचत संकलन गरेको थियो भने ७१ करोड ५८ लाख ६४ हजार ५ सय ३७ रुपैयाँ ऋण लगानी गरेको थियो । ऋण लगानीमध्ये ४१ करोड ३ लाखभन्दा बढी नियम विपरीत रकम आफ्नै कम्पनीमा लगानी भएको छ ।

बराह ग्रुप मातहत रहेको बराह ज्वेलरी प्रालिमा २७ करोड २८ लाख ४९ हजार, बराह फेमिली किचेनमा ३ करोड ४ लाख २७ हजार, बराह डिपार्टमेन्ट स्टोरमा ८७ लाख ९६ हजार १ सय ८८, बराह भेडेटार मल्टिपर्पोज प्रालिमा ४ करोड ८६ लाख ८९ हजार, बराह कृषि उपज तथा पशुपालन प्रालिमा ४ करोड ६८ लाख ३ हजार ३ सय ८२, बराह भेडेटार मल्टिपर्पोज प्रालिमा थप २८ लाख २५ हजार २ सय ३८ रुपैयाँ लगानी भएको देखिन्छ ।

यो लगानीको हिसाब किताब संस्थाका अध्यक्ष मानबहादुर विश्वकर्माले प्रतिनिधिसभा संसदीय छानबिन विशेष समितिमा बयानका क्रममा पनि प्रस्तुत गरेका थिए । जिल्ला प्रहरी कार्यालय सनुसरीले बराह बचत तथा ऋण सहकारी संस्थाको ठगी अनुसन्धान गरिरहेको छ । सुनसरी प्रहरी प्रवक्ता रामप्रसाद तिम्सिनाका अनुसार ३ सय ३३ पीडितले बचत फिर्ताको मागसहित प्रहरी कार्यालयमा निवेदन दिएका छन् । प्रहरीले निवेदनका लागि सार्वजनिक आह्वान गरेका कारण यो संख्या बढ्ने उनले बताए ।

सर्वसाधारणको उजुरी लिएको प्रहरीले सहकारी ठगी प्रकरण अनुसन्धानका लागि सहकारी अध्यक्ष मानबहादुर विश्वकर्मालाई खोजिरहेको छ । केही दिनअघि घरमा उनलाई नभेटेपछि उनकी पत्नी संगीता विकलाई पक्राउ गरेको थियो ।

पक्राउ पर्नेमा सञ्चालक समिति सदस्य विष्णु ताम्राकार, सहकारीका लेखापाल अपना श्रेष्ठ, ऋण उपसमिति सदस्य अस्मिता भण्डारी, लेखा सुपरीवेक्षण समिति संयोजक सुदिन ल्वागुन, सञ्चालक सदस्यहरू शेरबहादुर महत क्षेत्री, सरिता कालिकोटे, रवि पोर्तेल लगायत छन् । प्रहरीले सहकारीको कागजात पनि अनुसन्धानका लागि नियन्त्रणमा लिएको छ ।

### कोरोनापछि अधोगति

धरानका लाहुरेलाई लक्षित गरेर खोलिएको बराह ज्वेलरी छोटो समयमा चर्चा कमाएपछि थप व्यापार विस्तार गरेको थियो । २०५२ सालमा स्थापना भएको ज्वेलरीले २०६९ सालसम्म आफ्नो व्यापारिक साम्राज्य विस्तार गरि सकेको थियो । कम्पनीले आफ्नो नामको पछाडि 'विश्वासको प्रतिक' उपनाम जोडेको थियो । २०६९ साल माघमा हङकङ गएका बेला इन्द्र उतै मृत भेटिए ।

उनको मृत्युपछि छोरा शिव लामिछाने (विश्वकर्मा) ले बुबाले स्थापना गरेको कम्पनी चलाए । लामिछाने परिवारभित्रका सदस्य रहेर धरानमा बराह ज्वेलरी प्रालि, बराह फेमिली किचेन, बराह डिपार्टमेन्ट स्टोर, बराह भेडेटार मल्टिपर्पोज प्रालि, बराह कृषि उपज तथा पशुपालन प्रालि, कृपा दृश्य डिजिटल प्रडक्सन प्रालि खोलेका थिए ।

धरान बाहिर इन्द्र बराह ट्राभल्स एन्ड टुर्स प्रालि काठमाडौं, नारायण बराह ज्वेलरी इन्ड्रस्ट्रिज प्रालि भरतपुर चितवन, गोरखा एन्ड बराह ज्वेलरी इन्डस्ट्रिज प्रालि पोखरा, बराह ज्वेलरी इन्डस्ट्रिज प्रालि काठमाडौं, बराह प्रपर्टी सर्भिसस प्रालि काठमाडौं, बराह नेसनल इन्भेस्टमेन्ट प्रालि, काठमाडौं, ड्रिम ल्यान्ड रियल स्टेट प्रालि लगायत २८ कम्पनी खुलेको छ । दुबईमा अल बराह मिनी मार्केट एलएलसी, हङकङमा इन्द्र बराह ज्वेलरी पनि खुलेको थियो ।

कम्पनी कोरोना महामारीपछि संकटमा फसेको थियो । बराहले सर्वसाधारणबाट संकलन गरेको बचतको ठूलो हिस्सा घरजग्गा प्लटिङ लगानी गरेपछि सर्वसाधारणको बचत फिर्ता गर्न नसकेको बताइन्छ ।

पछिल्लो समय बराह सहकारी २०७८ सालदेखि नै आर्थिक संकटमा परेको थियो । सञ्चालकले बचतकर्ताको रकम फिर्ता गर्ने वाचा गरिरहे । बचतकर्ता आशमा थिए । यो अवधिमा करिब ६ करोड सर्वसाधारणको बचत फिर्ता गरेको देखिएको सहकारी रजिस्ट्रार कार्यालयका प्रमुख खत्री बताउँछन् । २३ भदौ २०८१ मा बराह ग्रुप अफ कम्पनीका अध्यक्ष शिव लामिछानेले सार्वजनिक अपिल जारी गरी असहज परिस्थितिले दुर्घटना बेहोर्न बाध्य भएको र लगानीको शतप्रतिशत सुरक्षाको जिम्मेवारी कम्पनी सञ्चालक तथा सहकारीका सञ्चालक रहने प्रतिबद्धता व्यक्त गरेका थिए ।

*(स्रोत: अनलाइनखबर)*

# काठमाडौंमा हुने 'चाइना फिल्म डे'मा ३ चिनियाँ फिल्म देखाइने




काठमाडौं/नेपाल र चीन बीचको सांस्कृतिक सम्बन्धलाई बलियो तुल्याउने उद्देश्यले आगामी विहीबार 'चाइना फिल्म डे'को पहिलो संस्करण आयोजना हुँदैछ । चाइना फिल्म एडमिनिस्ट्रेसन, चिनियाँ दूतावास, चाइना फिल्म आर्काइभ र नेपाल फिल्म एण्ड कल्चरल एकेडेमीले कार्यक्रम आयोजना गर्न लागेका हुन् ।

क्यूएफएक्सको छाया सेन्टरमा आयोजना हुने कार्यक्रममा ३ चिनियाँ फिल्म प्रदर्शन हुने तय छन् । जसमा यीहुई साओ निर्देशित 'हर स्टोरी' ओपनिङ फिल्मको रुपमा छ ।

युडी झाङ निर्देशित 'मिडसमर्स भ्वाइस' र फेई लङ निर्देशित 'जी फर ग्याप' प्रदर्शन हुने तय भएको छ । फिल्म स्क्रिनिङपछि निर्माता, निर्देशक र कलाकारले दर्शकसँग अन्तक्रिया गर्नेछन् । समारोहको प्रमुख अतिथिको रुपमा पूर्वअर्थमन्त्री वर्षमान पुन हुने जनाइएको छ ।

प्रदर्शन हुने फिल्मका निर्माता, निर्देशक र कलाकार गरि १४ जनाको चिनियाँ भ्रमण टोलीको नेतृत्व चाइना फिल्म एडमिनिस्ट्रेसनको अन्तर्राष्ट्रिय विभागका निर्देशक सु याङ ले गर्ने छन । यस कार्यक्रमले दुवै देशका फिल्मकर्मी बीचको सहकार्यलाई अगाडि बढाउने अपेक्षा गरिएको छ । आयोजकमध्येको नेपाल फिल्म एण्ड कल्चरल एकेडेमीका अध्यक्ष केपी पाठकले कार्यक्रम दुई मुलुकको जीवन्त संस्कृतिलाई जोड्ने पुल हुने बताए ।

'यो केवल फिल्म प्रदर्शन गर्ने कार्यक्रम मात्र होइन, दुई जीवन्त संस्कृतिलाई जोड्ने पुल हो' उनले भने, 'चिनियाँ फिल्मको सिर्जनशीलता र गहिराई प्रस्तुत गरेर, हामी नेपाली फिल्मकर्मीलाई सिक्न, सहकार्य गर्न र आफ्नो क्षितिज फराकिलो बनाउन अवसर प्रदान गर्दैछौं ।'

उनले यस्ता कार्यक्रमले नेपाल र चीनको सांस्कृतिक कूटनीति र फिल्मको सहकार्यलाई बलियो बनाउन भूमिका खेल्ने बताए । 'यसले सह-निर्माण, संयुक्त परियोजना र विश्वव्यापी दर्शकलाई समेट्ने साझा कथा सिर्जना गर्न मार्ग प्रशस्त गर्छ । म विश्वस्त छु, यो नेपाल-चीन चलचित्र सम्बन्धको नयाँ अध्यायको सुरुवात मात्र हो' उनले भने ।

# काठमाडौंमा नयाँवर्ष मनाएर फर्किए गोविन्दा, एयरपोर्टमा के भने ?

काठमाडौं/बलिउड अभिनेता गोविन्दा र उनकी पत्नी सुनिता आहुजा केही दिन नेपालमा रहे । अंग्रेजी नयाँवर्ष २०२५ मनाउन काठमाडौं आएका उनले पारिवारिक भ्रमण गरे । जनवरी १ मा पत्नी आहुजाले पशुपतिनाथको दर्शन गरिन् ।

नयाँवर्ष मनाएर गोविन्दा सहित उनको परिवार शनिबार भारत फर्किएको छ । स्वदेश फर्किने क्रममा अपरान्ह काठमाडौंको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा उनलाई फ्यानले घेरे र फोटो खिचाए ।



सोही क्रममा उनको भेट अभिनेता किरण केसीसँग पनि भयो । केसी र गोविन्दाबीच केहीबेर कुराकानी भयो । केसीले आफ्नो परिचय दिए भने गोविन्दाले पनि नेपाल आफ्नो सासुआमाको घर रहेको र यसमा आफूले गर्व गर्ने बताए । पत्नी सुनितालाई लिएर गोविन्दा बेला बेलामा नेपाल आउँछन् ।

ससुराली पनि काठमाडौंमा भएकाले उनी बेला बेलामा पारिवारिक भेटघाटका लागि आइरहन्छन् । गोविन्दा नयाँवर्ष २०२५ बाट बलिउड फर्किने तयारीमा छन् ।

# पेट्रोलियम अन्वेषणमा ऐतिहासिक उपलब्धि, ४ किलोमिटर ड्रिलिङपछि निकालियो 'स्याम्पल'

काठमाडौं/पेट्रोलियम अन्वेषणमा नेपालको पहिलो पाइला सफल भएको छ । नेपालले ऐतिहासिक रूपमा पेट्रोलियम अन्वेषण ड्रिलिङ सम्पन्न गरेको हो । खानी तथा भूगर्भ विभागका अनुसार दैलेख भैरवी गाउँपालिका-१ स्थित जलजलेमाकुलमा ४ हजार २ मिटर गहिराइसम्म उत्खनन गरी नमुना (स्याम्पल) निकालिएको छ । विभागले यसलाई ऐतिहासिक उपलब्धि भनेको छ ।

चीन सरकारको जिओलोजिकल सर्वे कम्पनीले भौगर्भिक अध्ययन गरेको पेट्रोलियम अन्वेषण परियोजनामा सीएनपीसी इन्जिनियरिङले उत्खननको काम थालेको थियो । विभागका सूचना अधिकारी नारायण बास्कोटाका अनुसार उत्खनन्को काम पूरा भएसँगै अब नमुनालाई ल्याबमा पठाएर त्यसको अध्ययनको काम सुरु भएको छ । चिनियाँ कम्पनीले उत्खनन्का दौरान संकलन गरेका नमुनाहरू चीनमै ल्याबमा लगेर परीक्षण गर्छन्,' उनले संचारकर्मीसँग भने, 'त्यसपछि यस स्थानमा रहेको पेट्रोलियम पदार्थको व्यवसायिक उत्खननको सम्भावनाबारे पुष्टि हुनेछ ।' अहिले चिनियाँ कम्पनीले विभिन्न लेयरमा प्राकृतिक ग्यास रहेको ट्र्याकिङ गरेको र सो स्थानका स्याम्पलहरू ल्याबमा पठाउने उनले जानकारी दिए ।

### कहिलेसम्म प्राप्त हुन्छ प्रतिवेदन ?

नेपाल सरकारले सरकारले चालु आर्थिक वर्ष २०८१/८२ भित्रै पेट्रोलियम पदार्थ अन्वेषणको काम सक्ने लक्ष्य राखेको छ । आव २०८१/८२ को नीति तथा कार्यक्रममा यस्तो घोषणा गरिएको थियो । दैलेखमा चिनियाँ सरकारको सहयोगमा पेट्रोलियम पदार्थ अन्वेषणको काम सम्पन्न भएको छ ।

चैत २०७२ मा नेपाल र चीनबीच पेट्रोलियम पदार्थ अन्वेषण तथा उत्खननमा सहकार्य गर्ने सहमति भएको थियो । माघ २०७५ मा चीनलाई नेपालका दुई वटा क्षेत्रमा पेट्रोलियम तथा ग्याँस खानीबारे विस्तृत अन्वेषण गर्न दिने सम्बन्धी परियोजना स्वीकृत गरेको भएको थियो ।

उक्त सहमतिअनुसार २०७६ फागुनमा खानी तथा भूगर्भ विभाग र चिनियाँ सरकारको जिओलोजिकल सर्वे कम्पनीबीच दैलेखमा रहेको पेट्रोलियम पदार्थ अन्वेषण तथा उत्खनन गर्न दुई अर्ब ४० करोड आर्थिक तथा प्राविधिक सहयोगमा सम्झौता भएको थियो ।

यस समझदारीलाई कार्यान्वयन गर्न चीन र नेपालले संयुक्त रुपमा कार्ययोजना बनाएका थिए । पहिलो चरण (१० महिना) मा चीनको विज्ञ टोलीले दैलेख क्षेत्रमा भौगर्भिक तथा पेट्रोलियम सर्वेसहित दैलेखमा ड्रिलिङ साइट पहिचानको काम गर्ने समझदारी भएको थियो । दोस्रो चरणमा ड्रील गर्ने र तेस्रो चरणमा सर्वे प्रतिवेदन बुझाउने सहमति भएको थियो । यस्तो सहमतिको अवधि फेब्रुअरी २०२५ सम्म रहेको सूचना अधिकारी बास्कोटाले जानकारी दिए । यस सहमति अनुसार सो अवधि भित्रै सर्वे प्रतिवेदन प्राप्त भइसक्ने अपेक्षा गरिएको उनले बताए ।

### सर्वे रिपोर्टपछि के हुन्छ ?

ड्रिलिङ गरिएको स्थानमा प्राकृतिक ग्यासको भण्डार रहेको अनुमान गरिएको छ । त्यसको संकेत अन्वेषणकर्ताले पाइसकेका छन् । अब चीनमा गरिने परीक्षणबाट त्यो भण्डार कति व्यापक छ र व्यवसायिक उत्पादनको सम्भावना भए-नभएको पत्ता लगाउने छ । साथै गुणस्तर परीक्षणको काम समेत त्यसपछि हुनेछ ।

'ड्रिलिङ सकिएपछि यो आयोजना सम्पन्न हुने नभई निरन्तर रहने छ,' सूचना अधिकारी बास्कोटा भन्छन्, 'सबै हिसावले व्यावसायिक उत्पादनको सम्भावना पुष्टी भएमा अन्तर्राष्ट्रिय बोलपत्र आह्वान गरी उत्पादक कम्पनीलाई बोलाउने काम हुन्छ ।' सो सम्भव भएमा नेपालको अर्थतन्त्रका लागि ठूलो उपलब्धि हुनेछ । किनकी नेपाल अहिले सबै प्रकारको पेट्रोलियम पदार्थमा शतप्रतिशत आयातमा निर्भर रहेको छ ।

चीनले असोज २०७९ मै पेट्रोलियम पदार्थ अन्वेषणका लागि ड्रिलिङ गर्ने स्थान छनोट गरेको थियो । चीनबाट आएको प्राविधिक टोलीले सो बेला ले ड्रिलिङका लागि १५ मिटरसम्म लामा फलामे पाइप कन्टेनरमार्फत साइटमा लैजानु पर्ने बताएको थियो । सोही अनुसार चीनबाट भारत हुँदै नेपालगन्ज नाकाबाट ड्रिलिङ उपकरण दैलेख लगिएको थियो । चीनले स्थान छनोट भइसकेपछि ती स्थानको जग्गा अधिग्रहण गरी सरकारले मुआब्जा दिएको हो ।

पहिलो चरणको सर्वेक्षणले सकारात्मक नतिजा दिएसँगै दोस्रो चरणमा ड्रील नै गरेर अन्वेषण थालिएको थियो । कात्तिक २०७६ मा तत्कालीन उद्योगमन्त्री मात्रिका यादवले दैलेखको नाभिस्थानमा पेट्रोलियम पदार्थ अन्वेषणको उद्घाटन गरेका थिए । यो आयोजनामा साइट क्लियरेन्स र स्थानीय तयारीबाहेक खर्च चीन सरकारले बेहोरेको छ ।

### लामो इतिहास बोकेको अन्वेषण

नेपालमा लामो समयदेखि पेट्रोलियम पदार्थको अन्वेषणबारे विभिन्न स्तरको सर्वेको काम भइरहेको छ । ड्रिलिङ नै गरेर भएको यो पहिलो अन्वेषण हो । दैलेखसहितको भेगमा प्राकृतिक ग्यासको भण्डार रहेको अनुमान सन् १९६० ताका नै भएको थियो । २०३५ (सन् १९७८/७९) मा विश्व बैंकको सहयोगमा तराई र चुरे क्षेत्रको करिब ४८ हजार वर्गकिलोमिटर क्षेत्रफलमा सर्वे गरिएको थियो । त्यसबेला हवाई चुम्बकीय सर्वे गरिएको विभागको विवरणमा उल्लेख छ ।

*(स्रोत: अनलाइनखबर)*

# यू-१९ महिला टी२० विश्वकपका लागि नेपाली टोली घोषणा



काठमाडौं/मलेसियामा यही जनवरी १८ देखि सुरु हुने आईसीसी यू-१९ महिला टी२० विश्वकप क्रिकेटका लागि नेपाली टोली घोषणा भएको छ । नेपाल क्रिकेट संघ (क्यान) ले शनिबार पुजा महतोको कप्तानीमा १५ सदस्यीय टोली घोषणा गरेको हो ।

गत डिसेम्बरमा मलेसियामा भएको एसीसी यू-१९ महिला एसिया कप खेलेको टोलीलाई नै विश्वकपको टोलीमा निरन्तरता दिइएको छ । उपकप्तानमा सोनी पाखिन छन् । गत नोभेम्बरमा यूएईमा भएको आईसीसी यू-१९ महिला विश्वकप एसिया छनोटको उपाधि जित्दै नेपाल पहिलो पटक यू-१९ महिला विश्वकपकमा छनोट भएको थियो । त्यसपछि नपालले यू-१९ महिला एसिया कप समेत खेल्न पाएको थियो जहाँ नेपालले पाकिस्तानलाई हराएको थियो ।

यूएईमा विश्वकप छनोट खेलेकी मनिषा उपाध्याय भने अहिले टिममा छैनन् । उनी एसिया कपमा पनि टिममा थिइनन् । विश्वकप छनोट नखेलेका किरण कुमारी कुँवर र अनु कडायत भने विश्वकप खेल्ने टिममा अटाएका छन् ।

जनवरी १८ देखि फेब्रुअरी २ सम्म मलेसियामा हुने यू-१९ महिला टी२० विश्वकपमा नेपालसहित १६ राष्ट्रको सहभागिता छ । यू-१९ महिला विश्वकपको यो दोस्रो संस्करण हो भने नेपालले पहिलो पटक खेल्न लागेको हो ।

नेपाल समूह डी मा छ । यस समूहमा अष्ट्रेलिया, बंगलादेश र स्कटल्याण्ड छन् । नेपाल जस्तै स्कटल्याण्ड पनि छनोट चरण पार गरेर विश्वकपमा पुगेको हो । नेपालले पहिलो खेल जनवरी १८ मा बंगलादेशसँग खेल्नेछ । यस्तै जनवरी २० मा स्कटल्याण्डसँग र जनवरी २२ मा अष्ट्रेलियासँग खेल्नेछ ।

चारै समूहको शीर्ष तीन टोली सुपर सिक्स राउण्डमा पुग्नेछन् । जहाँ १२ टोलीलाई दुई समूहमा विभाजन गरेर खेलाइनेछ । नेपालले समूह चरणमा एक खेल जितेर शीर्ष तीनमा रहन सके सुपर सिक्स पुग्दै थप ३ खेल खेल्ने अवसर पाउन सक्छ ।

नेपाली टोली : पुजा महतो (कप्तान), सोनी पाखिन (उपकप्तान), सना प्रविन, ज्योत्सनिका मरासिनी, कुसुम गोदार, अलिसा कुमारी यादव, सावित्री धामी, कृष्मा गुरुङ, तृष्णा विक, किरण कुमारी कुँवर, रिया शर्मा, सिमाना केसी, रचना चौधरी, स्नेहा महरा, अनु कडायत

*(स्रोत: अनलाइनखबर)*

# 'प्रेमलु' : जसले बजेटभन्दा ४५ गुणा बढी कमायो

काठमाडौं/दक्षिण भारतीय फिल्म 'पुष्पा २ : द रूल'ले सन् २०२४ मा सबैभन्दा धेरै कमाइ गर्ने भारतीय फिल्मको कीर्तिमानी आफ्नो नाममा बनाउन सफल भयो । यसले हिन्दी भर्सनमा ८ सय करोड नेट र विश्वव्यापी १८ सय करोड कमाइसकेको छ । गत वर्ष 'स्त्री २' र 'कल्की'ले पनि ठूलो कमाइ गरे । तर, २०२४ मा सबैभन्दा धेरै नाफा कमाउने फिल्मको पहिलो स्थानमा भने यी कुनै पनि छैनन् ।



इन्डिया टाइम्सका अनुसार मलयालम भाषाको रोमान्टिक-कमेडी फिल्म 'प्रेमलु' गत वर्ष सबैभन्दा बढी मुनाफा कमाउने भारतीय फिल्म बनेको छ । फेब्रुअरी ९ मा रिलिज भएको यो फिल्म ३ करोड भारुमा बनेको थियो । यसमा ठूला स्टार पनि थिएनन् । न त हिन्दी भाषामा रिलिज भएको थियो । तर, फिल्मले केरला राज्य र ओभरसिजमा असाधारण कमाइ गऱ्यो ।

'प्रेमलु'ले विश्वभरबाट १३६ करोड कमाइ गरेको इन्डिया टाइम्सले जनाएको छ । भारतमा मात्र मलयालम, तमिल र तेलुगु भाषामा ९३.६५ करोड र ओभरसिजमा ४२.२५ करोड कमाएको थियो । यो फिल्मको बजेटभन्दा ४५ गुणा बढी कमाइ हो । फिल्मले केरला राज्यमा मात्र ६२ करोड कमाएको थियो । यसले केरलामा सर्वाधिक कमाउने फिल्मको कीर्तिमानी नै बनाएको छ ।

गिरीश ए. डीको लेखन तथा निर्देशनमा तयार भएको 'प्रेमलु'मा संगीत प्रताप, अखिला भार्गवन, मीनाक्षी रवीन्द्रन, म्याथ्यू थमस, श्याम मोहन, अल्थफ सलीम लगायतको अभिनय छ । यो फिल्म अहिले तमिल र हिन्दी भाषामा ओटीटी प्लेटफर्म डिज्नी हटस्टारमा हेर्न सकिन्छ । 'प्रेमलु'को असाधारण सफलतापछि यसको सिक्वेल पनि घोषणा भइसकेको छ, जसलाई २०२५ मा रिलिज गरिँदैछ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# परिचय साकोसको ३ करोड शेयरपुँजी, अध्यक्षमा न्यौपाने चयन

साझाकुरा संवाददाता

हेटौंडा, २० पुस/हेटौंडा उपमहानगरपालिका-२ बुद्धचोकमा रहेको परिचय बचत तथा ऋण सहकारी संस्थाको १५ औं वार्षिक साधारणसभा तथा पाँचौं अधिवेशन भएको छ ।

शनिबार संस्थाका अध्यक्ष दीपक तिमल्सिनाको सभाध्यक्षता तथा बागमती प्रदेश सहकारी बोर्डका कार्यकारी उपाध्यक्ष नारायणप्रसाद देवकोटाको प्रमुख आतिथ्यतामा साधारणसभा भएको हो । सभामा सहकारीको आव २०८०/८१ मा १४ करोड २ लाख ५० हजार ९७७ रुपैयाँको वित्तीय अवस्थाको विवरण प्रस्तुत भएको छ । सदस्यलाई ९ करोड ३७ लाख ५ हजार, १७६ रुपैयाँ कर्जा लगानी गरेको बताइएको छ ।

संस्थाको बचत निक्षेपमा ९ करोड ९० लाख ८१ हजार ३८३ रुपैयाँ रहेको संस्थाका व्यवस्थापक सुशान्त तिमल्सिनाले बताए । ४९१ जना शेयर सदस्य रहेको सहकारीमा ३ करोड १९ लाख ६४ हजार एक सय शेयरपुजीँ रहेको छ । यसैगरी, अधिवेशनले विष्णुप्रसाद न्यौपानेको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ । संस्थाको उपाध्यक्षमा ईश्वरी दाहाल, सचिवमा सुशान्त तिमल्सिना, कोषाध्यक्षमा भवनाथ दाहाल चयन भएका छन् । संस्थाको सदस्यहरुमा भने मोहनप्रसाद घिमिरे, बद्रीप्रसाद लम्साल, सुदर्शन खतिवडा, अन्नपूर्ण अमुगाई र अनिल बस्नेत चयन भएका छन् ।

समितिको लेखा समिति संयोजकमा लक्ष्मण पराजुली चयन भएका छन् भने सदस्यहरुमा दोलकुमारी दाहाल र नेत्रमणि ईटेनी चयन भएका हुन् । सभाकै अवसर पारेर विभिन्न विधामा सदस्यलाई सम्मान गरेको छ । उत्कृष्ट परिचय बोनस बचतकर्तातर्फ निर्मला साह बनियाँ, विकासकुमार दास र विशेष मानन्धर, उत्कृष्ट परिचय व्यावसायिक बचतकर्तातर्फ राघव न्यौपाने, बासुदेव सुवेदी, विकेशकुमार केशरी र अनन्तराज न्यौपाने, उत्कृष्ट परिचय आवधिक बचततर्फ अजयकुमार केशरी, स्मारिका केसी, हीराप्रसाद न्यौपाने, विशेष मानन्धरलाई सम्मान गरिएको थियो ।

त्यस्तै, परिचय नारी बचततर्फ सुनमाया घलान र लक्ष्मीमाया थिङ, परिचय लखपति बचततर्फ शान्ति तिमल्सिना र शर्मिला पुडासैनी, विशेष बालबचततर्फ केशिका श्रेष्ठ, असल ऋणीतर्फ भने भीमकुमारी फुँयाल, दुर्गाकुमारी लामिछाने, प्रदीप साह, रवीन्द्रप्रसाद घिमिरे, उत्कृष्ट कर्मचारी सम्मानबाट बजार प्रतिनिधि अनिषा थापालाई नगद सहित सम्मान गरिएको थियो ।

कार्यक्रममा जिल्ला बचत तथा ऋण सहकारी संघका सदस्य हिमाल पौडेल, राष्ट्रिय सहकारी बैंकका प्रमुख रामेश्वर अर्याल, हाम्रो गोर्खा साकोसका अध्यक्ष चक्रधर विडारी, मातृभूमि साकोसका अध्यक्ष नारायणप्रसाद लम्साल, लेखा समिति संयोजक विष्णुप्रसाद न्यौपाने, प्रतिफल साकोसका कोषाध्यक्ष यदुनाथ तिमल्सिना लगायतको आतिथ्यता थियो ।







# बकैया कप फुटबलको खेलतालिका सार्वजनिक

साझाकुरा संवाददाता

हेटौंडा, २० पुस/छैठौं संस्करणको बकैया कप फुटबल प्रतियोगिताको खेलतालिका सार्वजनिक भएको छ । शनिवार बकैया खेलकुद विकास समिति संयोजक विजय लामाथिङले प्रतियोगिताको खेल तालिका सार्वजनिक गरेका हुन् ।

प्रतियोगितामा सिनियर तर्फको उद्घाटन खेलमा वडा नम्बर ३ र ७ बीच प्रतिस्पर्धा हुने भएको छ । उद्घाटन खेल दिउँसो १ बजे सुरु हुनेछ । यस्तै दोस्रोदिन २५ गते वडा नम्बर ४ र १० बीच तथा वडा नम्बर ६ र ८ बीच प्रतिस्पर्धा हुनेछ । यस्तै २७ गते वडा नम्बर ५ र ९ बीच प्रतिस्पर्धा हुनेछ । यस्तै जुनियरतर्फ पुस २६ गते ११ नम्बर र १२ बीच र २७ गते वडा नम्बर १ र २ बीच प्रतिस्पर्धा हुनेछ । बकैया-३ स्थित बकैया रंगशालामा प्रतियोगिता सञ्चालन हुनेछ ।

यस संस्करणको प्रतियोगितामा सिनियर टिम तथा जुनियर टिमको फरक-फरक प्रतिस्पर्धा हुने भएको हो । यस वर्ष जुनियर टिमबाट विजेता हुने टिम आगामी वर्ष सिनियर टिममा बढुवा हुनेछ भने सिनियर टिमको अन्तिम टिम घटुवा हुने संयोजक लामाले बताए । माघ १ गतेसम्म सञ्चालन हुने प्रतियोगिता नकआउट चरणमा खेलाइने जनाइएको छ । प्रतियोगितामा सिनियरतर्फको विजेता टिमले १ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले ५० हजार रुपैयाँ प्राप्त गर्नेछन् । जुनियरतर्फको विजेताले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेताले २५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

बकैया गाउँपालिका उपाध्यक्ष भक्तबहादुर खत्रीको प्रमुख आतिथ्यतामा भएको खेल तालिका सार्वजनिक कार्यक्रममा बकैयाका वडाअध्यक्षहरु आशिश तितुङ, विश्वराज स्याङ्तान, भुमलसिं घलान, विजय भोलन, लक्ष्मी जिम्बा, फूलबहादुर भोम्जन, मानबहादुर सिंतान, विष्णु नेगी, टंकध्वज लोप्चन, कमला वाईबा, अध्यक्ष गोपाल न्यासुर, ज्ञानेन्द्र बजगाई र कार्यपालिका सदस्य लोकेन्द्र माझीलगायतको आतिथ्यता थियो ।

# हेटौंडा अटो मोवाइल एसोसिएसनको साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, २० पुस/हेटौंडा अटो मोवाइल एसोसिएसनको २४ औं वार्षिक साधारणसभाका अबसरमा हेटौंडा-११ थाना-भयाङमा भवन उद्घाटन गरिएको छ ।

नाडा अटो मोवाइल्स एसोसिएसन अफ नेपालका अध्यक्ष करणकुमार चौधरीले भवन उद्घाटन गरेका हुन् । उद्घाटनपछि हेटौंडा-११ स्मारक होटलमा आयोजित सभालाई सम्बोधन गर्दै उनले अटो मोवाइल्स एसोसिएसनमा आबद्ध व्यवसायीहरु संस्थागत उद्देश्य पूरा गर्न एकजुट हुनुपर्ने बताए ।

कार्यक्रममा नाडा अटो मोवाइल्स एसोसिएसन अफ नेपालका वरिष्ठ उपाध्यक्ष आकाश गोल्छा, मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णकुमार गुप्तालगायतको आतिथ्यता रहेको थियो ।

कार्यक्रम हेटौंडा अटो मोवाइल्स एसोसिएसन मकवानपुरका अध्यक्ष ऋषिकुमार ढकालको सभाध्यक्षतामा भएको हो । कार्यक्रममा संस्थाको भवन निर्माणमा सहयोग गर्ने दातालाई सम्मान गरिएको थियो ।

# चखेल-मातातीर्थ सडक १५ दिन बन्द



साझाकुरा संवाददाता

हेटौंडा, २० पुस/मकवानपुर र काठमाडौं जोड्ने सबैभन्दा छोटो मार्ग चखेल-मातातीर्थ सडक स्तरोन्नतिका लागि १५ दिन बन्द हुने भएको छ । मकवानपुरको महालक्ष्मी खोला-मातातीर्थ सडक अन्तर्गत मकवानपुरको इन्द्रसरोवर गाउँपालिका-५ स्थित महालक्ष्मी खोला नजिकै भिर कटानका लागि सडक बन्द गरिने भएको हो ।

बागमती प्रदेश सरकारको पूर्वाधार विकास कार्यालय मकवानपुरबाट मकवानपुरतर्फको सडक खण्डमा स्तरोन्नतिका क्रममा सडक बन्द गर्न लागिएको इन्द्रसरोवर गाउँपालिकामा-५ का वडाध्यक्ष दुतराज तितुङले जानकारी दिएका छन् । उनका अनुसार महालक्ष्मी खोलादेखि चखेल देउराली हुँदै जाने सडक यही पुस २२ गतेदेखि आगामी माग ७ गतेसम्म बन्द हुनेछ । सडक खण्डमा हाल स्तरोन्नतिको काम भइरहेको उनले बताए ।




# विषादि व्यवसायी संघको अधिवेशन, अग्रज व्यवसायी सम्मान

साझाकुरा संवाददाता



हेटौंडा, २० पुस/विषादि व्यवसायी संघ नेपाल (पीइएन) मकवानपुर शाखाको प्रथम वार्षिक साधारणसभा तथा अधिवेशन भएको छ । अधिवेशनले सुबाश मल्ल ठकुरीको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरेको छ ।

संघको उपाध्यक्षमा निराजन बर्तौला, सचिव नेत्र ढुंगेल र कोषाध्यक्षमा कुशराज अधिकारी चयन भएका छन् । यसैगरी सदस्यहरुमा राधाकृष्ण श्रेष्ठ, विश्वराज अधिकारी, सुरेन्द्र न्यौपाने, तुलसीप्रसाद घिमिरे र शशिधर सुवेदी चयन भएका छन् । अधिवेशनमा व्यवसायीको भूमिका, विषादिको प्रभावकारी व्यवस्थापन र यसक्षेत्रको दीर्घकालीन योजनाबारे छलफल गरिएको थियो ।

संघका अध्यक्ष ठकुरीको अध्यक्षतामा भएको कार्यक्रममा सहभागीले विषादि व्यवसायलाई व्यवस्थित, सुरक्षित र दिगो बनाउनका लागि विभिन्न सुझाव र योजना प्रस्तुत गरेका थिए ।

कार्यक्रमका प्रमुखअतिथि संघका केन्द्रीय अध्यक्ष छोटेलाल साहले संघको मूल उद्देश्य विषादि व्यवसायलाई सुरक्षित, जिम्मेवार र व्यवस्थित बनाउँदै किसान, उपभोक्ता, र वातावरणको संरक्षण गर्नु रहेको बताए ।

विषादिको उचित प्रयोग, व्यवस्थापन र गुणस्तरीय उत्पादन सुनिश्चित गर्न आफ्नो भूमिका अझ प्रभावकारी बनाउन आवश्यक रहेको बताए । यसैगरी उनले राज्यले कृषि सामग्रीमा लगाएको भ्याट अब्यवहारिक रहेको बताउँदै यसमा सरकारले पुनर्विचार गर्नुपर्नेमा जोड दिए । यस्तै, कृषि ज्ञानकेन्द्र चितवनका प्रमुख झलक कंडेलले बर्तमान समयमा कृषिको उत्पादकत्व वृद्धि गर्न र कीट तथा रोग व्यवस्थापनमा विषादिको महत्वपूर्ण भूमिका रहेको भन्दै यसको जिम्मेवार र सुरक्षित प्रयोग अपरिहार्य रहेको बताए ।

कृषि विकास कार्यालयले किसानलाई विषादिको सही उपयोग, प्रभावकारिता तथा सुरक्षा उपायबारे जनचेतना फैलाउन निरन्तर काम गर्दै आएको छ । व्यवसायीलाई आवश्यक तालिम, ज्ञान, तथा परामर्श प्रदान गर्न सधैं तत्पर रहेको बताए । यस्तै कृषिक्षेत्रको दिगो विकास र किसानको जीवनस्तर सुधार गर्न विषादि व्यवसायी संघको योगदान अमूल्य रहेको बताउदै कृषि ज्ञानकेन्द्रले संघसँग सहकार्य गर्दै कृषिमा नवप्रवर्तन र जिम्मेवार अभ्यासलाई अगाडि बढाउन सधैं तत्पर रहने प्रतिवद्धता व्यक्त गरे ।

कार्यक्रमका बीच मकवानपुरमा रहेर लामो समय कृषि तथा विषादि व्यवसाय गर्दै आएका अग्रज व्यवसायीलाई सम्मान गरिएको छ । कार्यक्रममा मकवानपुर उद्योग वाणिज्य संघका बरिष्ठ उपाध्यक्ष अनिल अग्रवाल र राजु अधिकारी, नेपाल पत्रकार महासंघ बागमती प्रदेशका संस्थापक अध्यक्ष प्रताप विष्ट, मकवानपुर शाखाअध्यक्ष बालकृष्ण अधिकारी, नेपाल बीउ व्यवसायी संघ बागमती प्रदेश अध्यक्ष हरिशरण अर्याल, विषादि व्यवसायी संघ निवर्तमान अध्यक्ष विजय कनौडिया, नेपाल फर्टिलाईजर एसोसिएसन प्रदेश उपाध्यक्ष राधाकृष्ण श्रेष्ठलगायतको उपस्थिति रहेको थियो ।

# गौरीटार क्रिकेट रंगशालाको निरीक्षणमा क्यान सचिव खड्का

साझाकुरा संवाददाता

हेटौंडा, २० पुस/हेटौंडा उपमहानगरपालिका-६ गौरीटारमा निर्माणाधीन रंगशालाको क्रिकेटमैदानको नेपाल क्रिकेट संघ (क्यान)का सचिव पारस खड्काले निरीक्षण गरेका छन् ।

नेपाली राष्ट्रिय टोलीका पूर्वकप्तान खड्काले शनिवार निर्माणाधीन क्रिकेटमैदानको निरीक्षण गरेका हुन् । सचिव खड्कासहित प्रवक्ता छुवी लामा, मकवानपुर क्रिकेट संघका पदाधिकारीहरु गौरीटार पुगेका थिए । उनले हेटौंडामा क्रिकेटका लागि पूर्वाधार निर्माण भइरहेको प्रति खुशी व्यक्त गरेका छन् । क्रिकेट खेलको विकासका लागि पूर्वाधार निर्माणमा प्रदेश सरकारले गरेको लगानी सकारात्मक रहेको उनको भनाइ छ ।

देशमा स्तरीय खेल पूर्वाधारको अभाव भएको बेला बन्दै गरेको गौरीटार रंगशालालले अन्तर्राष्ट्रिय प्रतियोगिताहरु संचालनमा सहजता मिल्ने उनले विश्वास व्यक्त गरे । सचिव खड्काले संरचनासँगै खेलाडी उत्पादन र प्रोत्साहनमा सरकारले काम गर्न आवश्यक रहेको बताए । उनका अनुसार क्रिकेट संघले पनि आफ्नो तर्फबाट क्रिकेटको विकास र खेलाडी उत्पादनमा पहल गरिरहेको छ ।

गौरीटार रंगशालाभित्र ११ करोड ७४ लाख रुपैयाँको लागतमा क्रिकेटमैदान निर्माणको काम धमाधम भइरहेको छ । क्रिकेटमैदान निर्माणका लागि ९ करोड ४२ लाख ८२ हजार रुपैयाँमा २० चैत ०८० मा एसएनएस पिएल एचकेसी जेभीले ठेक्का सम्झौता गरेर काम गरिरहेको प्रदेश खेलकुद परिषद्का सदस्यसचिव दीपक लामाले जानकारी दिए । लामाका अनुसार हाल ग्राउण्डको लेभलिङको काम भइरहेको छ ।

अन्तराष्ट्रियस्तरको यो क्रिकेटमैदानमा ६०० दर्शक क्षमताको एउटा प्यारापिट सहित पाँचवटा पिच, ७० मिटर रेडिएसको ग्राउण्ड, स्कोर बोर्ड, भिभिआइपीकक्ष, खेलाडीकक्ष (प्लेयर बक्स), चेन्जिङ रुम (कपडा फेर्ने कोठा), टिभी र रेडियो ब्रोडकास्टिङ कक्ष, मिडियाकक्ष, अपाङ्गमैत्री क्षेत्र, पार्किङलगायत संरचना निर्माण हुनेछ । त्रिकेटमैदानमा चारवटा ब्लकमा प्यारापिट निर्माण गर्ने योजनाअनुसार डिपिआर निर्माण गरिएको सदस्यसचिव लामाले बताए ।


# टोविस समन्वय समिति हेटौंडा-१८ को साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, २० पुस/टोल विकास संस्था वडासमन्वय समिति हेटौंडा उपमहानगरपालिका-१८ को दोश्रो वार्षिक साधारणसभा तथा अधिवेशन सम्पन्न भएको छ ।

वडासमन्वय समितिका अध्यक्ष ममता कार्कीको सभाध्यक्षता तथा हेटौंडा उपमहानगरपालिका-१८ नम्बर वडाध्यक्ष अनिल बानियाँको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । कार्यक्रममा टोल विकास संस्था नगरसमन्वय समितिका महासचिव शिवहरि दाहाल, उपमहासचिव देवकुमार श्रेष्ठ, सदस्य लोकेन्द्र सुर्खेतीले मन्तव्य व्यक्त गरेका थिए ।

अधिवेशनले बिमला बिसन्खेको अध्यक्षतामा ११ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ । वडासमन्वय समितिको कार्यकाल ३ वर्ष रहने प्रावधान छ ।




साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना